# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लहान, सिरहा
प्रदेश नं. २, नेपाल

सम्पर्क नं. ०३३- ५६०१३८, ५६०१३९, ५६०३७०, ५६०७४३, ५६०१३७(फ्याक्स)


पत्र संख्याः- २०७७।०७८
चलानी नं.- १०५४

मिति :–२०७७/०६/१३

**विषयः- शिक्षण सिकाई सहजिकरण वारे ।**

श्री सम्पूर्ण सामुदायिक/संस्थागत विद्यालयहरु,

लहान नगरपालिका, लहान ।

यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७७/०६/०१ गतेको निर्णयानुसार **"विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७"** बमोजिम असोज ४ गतेबाट विद्यालय खोल्ने र असोज ७ गतेबाट विद्यालयहरुले कक्षा ८-१२ मा कोभिड १९ सम्बन्धी स्वास्थ्यका सम्पूर्ण मापदण्ड पुरागरी प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने तथा कक्षा १-७ मा दुर तथा खुला शिक्षा लगायतका पद्यती सञ्चालन गर्ने सम्बन्धी निर्देशन दिइएको पुनःस्मरण गराउन चाहन्छौं ।

यस सन्दर्भमा नियमन तथा विद्यालयहरुमा शिक्षण सिकाई सहजिकरणमा सहयोग होस भन्ने अभिप्रायले नगर शिक्षा समितिका सदस्यहरुको संयोजकत्वमा सामुदायिक र संस्थागत विद्यालयरुको अनुगमन गर्न दुई छुट्टा-छुट्टै समुह गठन गरी कार्य भईरहेको समेत जानकारी गराउछौं ।

कक्षा ८-१२ को सन्दर्भमा, सबै विद्यलयहरुले कक्षा सञ्चालन सम्बन्धी आ-आफ्नो प्रयास जारी राखेकोमा पुनः स्वास्थ्यका मापदण्ड सहित एस.एम.एस (Soap or Sanitizer, Mask and Social distance) विधिलाई अनिवार्य गरी जोड दिन समेत अनुरोध गरिन्छ ।

कक्षा १-७ को सन्दर्भमा, विभिन्न विद्यालयहरुले आ-आफ्नो विधि र तरिकाहरु प्रयोगमा ल्याएको पाइएकोले कुन विधि वा तरिका उपयुक्त हुने हो ? नेपाल सरकार तथा जिल्ला प्रशासन कार्यालय सिरहाबाट जारी कोभिड १९ संग सम्बन्धित स्वास्थ्यका सम्पूर्ण मापदण्ड पुरा गर्ने गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई उपयुक्त विधि प्रयोग गर्नुहुन र सोको जानकारी लहान नगरकार्यपालिकाको शिक्षा शाखामा पठाउनु हुन अनुरोध छ ।

प्रयोगमा आएका केहि विधिहरुः

- एक दिनमा १ देखि २ वटा कक्षाहरुका विद्यार्थीहरु विद्यालयमा उपस्थित गराई २ वा सो भन्दा बढि सेक्सन विभाजन गरी प्रत्यक्ष सिकाइ सहजिकरण क्रियाकलाप सञ्चालन गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं.२, नेपाल

सम्पर्कनं. ०३३- ५६०१३८, ५६०१३९, ५६०३७०, ५६०७४३, ५६०१३७(फ्याक्स)


पत्र संख्याः- २०७७।०७८
चलानी नं.- १०४४

- एक दिनमा कक्षाका केहि विद्यार्थीहरुलाई मात्र विद्यालयमा उपस्थित गराई आलोपालो विधि प्रयोग गर्ने,
- शिक्षकहरु समुदाय वा घरमा गई सिकाइ सहजिकरण क्रियाकलाप सञ्चालन गर्ने,
- विद्यार्थी संख्याको आधारमा स्वास्थ्यका मापदण्ड पुरा गरी दुई सिफ्टमा विद्यालय सञ्चालन गर्ने,

**केहि संस्थागत विद्यालयहरुले** अनुमति प्राप्त कक्षा भन्दा माथिका कक्षाहरु संचालन गरेको पाइएकोले अनुमति प्राप्त कक्षाहरु बाहेक अन्य माथिल्ला कक्षाहरु कुनै पनि बहानामा सञ्चालन नगर्न नगराउनुहुन जानकारी गराइन्छ अन्यथा नियमानुसार कारवाहि हुने व्यहोरा जानकारी गराईन्छ । र साथै संस्थागत विद्यालयहरुका फर्जि विद्यार्थीहरुलाई **सामुदायिक विद्यालयहरुले** भर्ना गरी परीक्षा दिने व्यवस्था मिलाउने गरेको भन्ने गुनासो समेत आएकाले अब यस सम्बन्धी कार्य गरेको पाइएमा सम्बन्धित प्र.अ.लाई सख्त कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

अन्त्यमा, यस नगरकार्यपालिको कार्यालय शिक्षा शाखा मार्फत मिति २०७७/०६/११ गतेबाट कक्षा ४ देखि ७ सम्मका कक्षाहरु मिता एफ.एम.बाट रेडियो शिक्षा कार्यक्रम सञ्चालन भएकोहुँदा सबै विद्यालयहरुले आ-आफ्ना बाबु नानीहरुलाई शिक्षण सिकाईमा सहभागि गराउनुहुन र सोहि रेडियो कार्यक्रमबाट अन्य नगरपालिका संग सम्बन्धित रेडियो शिक्षा कार्यक्रम समेत सञ्चालन भइरहेको हुँदा विद्यार्थीहरुलाई सहभागिहुन लगाई लाभ लिने कार्यमा सहयोग गर्नु गराउनुहुन सम्पूर्ण शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई अनुरोध गरिन्छ ।

२०७७।६।१३

खेम नन्द भूषाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, सिरहा

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा

श्री इलाका प्रशासन कार्यालय, लहान